# स्थानीय राजपत्र


बुटवल उपमहानगरपालिका नगरकार्यपालिकाद्वारा प्रकाशित

**खण्ड १ बुटवल, फाल्गुण २९ गते, २०७४ साल संख्या ४**


स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (१) बमोजिम बुटवल उपमहानगरपालिकाको नगर कार्यपालिकाले बनाएको तल लेखिए बमोजिमको निर्देशिका सर्वसाधारणको जानकारीका लागि प्रकाशन गरिएको छ

## भाग ३

### टोल विकास संस्था समन्वय समिति गठन तथापरिचालन सम्बन्धी निर्देशिका, २०७४

**प्रस्तावना,**

स्थानीय रुपमा उपलब्ध श्रम, सीप र साधनश्रोत तथा अवसरहरुलाई शहरी समाज परिचालन प्रक्रिया मार्फत अधिकत्तम परिचालन गरी सामाजिक अन्तर सम्बन्धलाई सूदृढिकरण गर्दै समुदायको आर्थिक, सामाजिक, भौतिक, मानव संसाधन तथा संस्थागत विकासका अभियानहरुलाई परिपूरक, परिपोषक बनाई गरिबी निवारणको प्रयासमा ठोस योगदान पूर्‍याउनका लागि तोकिएको भौगोलिक क्षेत्र भित्र वसोवास भएका घरधुरी परिवार समेटी एक परिवार एक सदस्यको अवधारणामा टोलका जन समुदायहरु संगठित भई नगरको समग्र विकास कार्यमा सहभागिता, सहकार्य, सहयोग अभिबृद्धि गर्नका लागि वडा मातहत गठन तथा स्थापना भएका  टोल विकास संस्थाहरुको भुमिकालाई थप प्रभावकारी बनाउन  समन्वय र ब्यबस्थापन गर्न  वान्छनीय भएकोले बुटवल उप महानगरपालिकाको प्रथम नगर सभा (२०७४) बाट यो “टोल विकास संस्था समन्वय समिति गठन तथा परिचालन सम्बन्धी  निर्देशिका २०७४” पारित गरिएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भ :**

(क) यो निर्देशिकाको नाम “टोल विकास संस्था समन्वय समिति गठन तथा परिचालन सम्बन्धी निर्देशिका २०७४” रहने छ ।

(ख) यो निर्देशिका उप महानगरपालिकाको नगरसभाबाट स्वीकृत भएको मिति देखि लागु हुनेछ ।

२. <u>परिभाषा :</u>

विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस निर्देशिकामा

(क) “उप महानगरपालिका” भन्नाले .बुटवल उप महानगरपालिकालाई जनाउने छ ।

(ख) “नगरसभा” भन्नाले बुटवल उप महानगरपालिकाको नगरसभालाई जनाउने छ ।

(ग) “प्रमुख ” भन्नाले बुटवल उप महानगरपालिकाको प्रमुखलाई जनाउने छ ।

(घ) “कार्यकारी अधिकृत” भन्नाले बुटवल उप महानगरपालिकाको कार्यकारी अधिकृतलाई जनाउने छ ।

(ङ) “समन्वय समिति” भन्नाले सम्बन्धित वडा स्तरमा गठन भएको टोल बिकास संस्था समन्वय समितिलाई जनाउने छ ।

(च) “टोल विकास संस्था” भन्नाले शहरी समाज परिचालन प्रक्रिया मार्फत टोलको संस्थागत, सामाजिक तथा आर्थिक विकास गर्न तोकिएको भौगोलिक क्षेत्र भित्र रहेका उप महानगरपालिका वडा न. १ देखि १३ सम्मको हकमा कम्तिमा १०० घरधुरी तथा वडा नं १४ देखि १९ को हकमा कम्तिमा १०० घरधुरी एबं बढीमा ५०० घर धुरी परिवार समेटी “एक परिवार एक सदस्य” को अवधारणामा गठन भई बुटवल उप महानगरपालिकामा दर्ता भएको सामुदायिक संस्थालाई जनाउने छ ।

(छ) “बचत” भन्नाले टोल विकास संस्थाका सदस्यहरुले पछि फिर्ता हुने गरी नियमित रुपमा टोल विकास संस्थामा जम्मा गरेको रकमलाई जनाउने छ ।

(ज) “बचत कोष” भन्नाले टोल विकास संस्थाका सदस्यहरुले पछि फिर्ता हुने गरी जम्मा गरेको रकम जम्मा गरिने कोषलाई जनाउने छ ।

३. **समन्वय समिति गठनको उदेश्यः**

(क) सामुदायिक संस्थाको रुपमा कार्य गरिरहेका टोल विकास संस्थाहरुको संस्थागत क्षमता विकास गरी स्थानीय स्तरमा संचालन गरिने सामाजिक, आर्थिक, भौतिक विकासका समग्र अभियानहरुमा सक्रिय सहभागिताको लागि समन्वयात्मक नेतृत्व प्रदान गर्ने ।

(ख) टोल विकास संस्थाहरुले आ-आफ्नो क्षेत्रमा संचालन गरेका गरिवी न्यूनीकरण, सुशासन, संस्थागत दिगो विकास, वातावरण संरक्षण, सामाजिक उत्थान, जनचेतना अभिबृद्धि तथा पूर्वाधार सुधार र निर्माणको क्रममा प्राप्त अनुभवहरुबाट एक आपसमा लाभान्वित हुन सम्बन्धित सूचना, सल्लाह र सुझाव आदान प्रदान गर्ने ।

(ग) उप महानगरपालिका र अन्य सरोकारवाला निकायहरुसंग समन्वय गरी टोल विकास संस्थाहरुको संस्थागत विकास, क्षमता अभिवृद्धि एवं सामाजिक तथा आर्थिक सम्बृद्धिसंग सम्बन्धित विविध कृयाकलापहरु संचालन गर्ने ।

(घ) उप महानगरको समग्र विकासमा टोल विकास संस्थाहरुलाई सक्रिय बनाई प्रभावकारी परिचालन गर्ने ।

(ङ) समुदायमा संचालन गरिने सामाजिक, आर्थिक तथा भौतिक पूर्वाधार समेतका समग्र अभियान तथा कार्यक्रमहरु संचालनमा आवश्यक सहयोग गर्ने ।

**४. समन्वय समिति गठन**

वडा स्तरमा देहाय बमोजिमको टोल बिकास संस्था वडा समन्वय समिति गठन गरिने छ ।

(क) सम्बन्धित वडाका वडा अध्यक्ष - संयोजक

(ख) सम्बन्धित वडाका निर्बाचित जन प्रतिनिधिहरु- सदस्य

(ग) सम्वन्धित वडा भित्रका सवै टोल विकास सस्थाका अध्यक्षहरु- सदस्य

(घ) जेष्ठ नागरीक मंचको वडा संयोजक - सदस्य

(ङ) बाल क्लबको वडा संयोजक - सदस्य

(च) सम्बन्धित वडा कार्यालयको सचिव - सदस्य

(छ) सम्बन्धित वडा समितिले तोकेको कर्मचारी- सदस्य सचिव ।

आवश्यकता बमोजिम संघ संस्थाका प्रतिनिधि बिषयसंग सम्बन्धित ब्यक्तिलाई आमन्त्रण गर्न सकिने छ ।

**५. समन्वय समितिको काम, कर्तव्य र अधिकार :**

(क) समन्वय समितिको नियमित बैठक दुई महिनामा १ पटक र आवश्यकता अनुसार कुनै पनि समयमा बस्न सक्ने छ ।

(ख) स्थानीय श्रोत,साधन र क्षमतामा आधारित सामाजिक तथा आर्थिक उद्यमशिलतालाई बढवा दिन बुटवल उप महानगरपालिका तथा टोल विकास संस्था बीच समन्वयात्मक भुमिका निर्वाह गर्नु पर्नेछ ।

(ग) समन्वय समितिले उप महानगरपालिका, वडा कार्यालय तथा टोल विकास संस्थाहरुसंग समन्वय गरी उप महानगरपालिकाको कार्यक्रम तथा योजना प्रक्रियामा सहयोग तथा समन्वय गर्ने ।

(घ) समन्वय समितिले टोल विकास संस्थाका सदस्यहरुको हित हुने सामाजिक-आर्थिक विकासका क्रियाकलापहरु सहभागितामूलक ढङ्गबाट कार्यान्वयन गर्न टोल विकास संस्थाहरुलाई सहयोग तथा समन्वय गर्ने ।

(ङ) समन्वय समितिले टोल विकास संस्थाहरुको आर्थिक, सामाजिक, भौतिक पूर्वाधार, मानव संसाधन तथा दिगो संस्थागत विकासमा आबश्यक समन्वय गर्ने ।

(च) टोल बिकास संस्थाहरु बिच सहकार्य, समन्वय बढाउने, समस्याहरुको समाधानका उपायहरु सुझाउने ।

(छ) वडा भित्रका सबै बस्ती घरधुरीहरुलाई समेटी टोल बिकास संस्थामा आबद्ध गराउने । टोल बिकास संस्थाहरुको सिमा क्षेत्रलाई भौगोलिक तथा जनसंख्या (घर/परिवार) का आधारमा आबश्यकता र उपयूक्तता हेरी थप/घट/समाहित (Merge) समेत गरी समायोजन गर्न सिफारिस गर्ने ।

(ज) उप महानगरपालिकाद्धारा प्रदान गरिने सेवा सुविधा टोल विकास संस्था मार्फत सदस्यहरुको घरदैलोसम्म पुऱ्याउन पहुंच बढाउन प्रभावकारी कार्यान्वयनका लागि पहल गर्ने ।

(झ) समन्वय समितिले आवश्यकता अनुसार उप समिति गठन गरी कार्य गर्न गराउन सक्ने छ ।

(ञ) नगर सभा तथा नगर कार्यपालिकाका निर्णयहरु कार्यान्वयन गर्ने /गराउने ।

(ट) कर, शुल्क, दस्तुर समेतका स्रोतका दायरा फराकिलो बनाउदै असुलि एवं संकलन कार्यलाई प्रभावकारी बनाउन नगरपालिका, वडा र टोल विकास संस्था बिच साझेदारी र सहकार्यमा पहल गर्ने ।

## ६. समन्वय समितिका पदाधिकारीहरुको काम, कर्तव्य र अधिकार :

### (क) संयोजकको काम, कर्तव्य र अधिकार

संयोजक समन्वय समितिको प्रमुख हुनेछ । समन्वय समितिलाई व्यवस्थित रुपले परिचालन गर्ने सम्वन्धमा समन्वय समितिको संयोजकको काम कर्तव्य र अधिकार निम्न वमोजिम हुनेछ ।

(१) समन्वय समितिको बैठक बोलाउने र बैठकको लागि मिति, समय र स्थान तय गर्ने ।

(२) बैठकको अध्यक्षता गरी वैठक संचालन गर्ने,

(३) वैठकमा अनुशासनको पालना गर्न लगाउने र छलफलका विषयहरु टिपोट गर्ने / गर्न लगाउने ।

(४) छलफल हुंदा सवैको विचार बुझि सर्वसम्मत निर्णय गर्न पहल गर्ने ।

(५) वैठकमा आवस्यक प्रस्तावहरु पेश गर्ने ।

(६) सहयोगी तथा अन्य निकायहरुसंग समन्वय गर्ने,

(७) उप महानगरपालिकाको बार्षिक तथा आवधिक योजना निर्माण गर्न सहभागितात्मक नगर विकास योजना तर्जुमा तथा संचालन प्रक्रिया अवलम्बन गर्न समन्वय गर्ने ।

(८) उप महानगरपालिकाबाट प्रवाह हुने टोल स्तरबाटै ब्यबस्थापन गर्न सकिने प्रकृतिका सेवा सुविधाहरु प्रवाह गर्न टोल विकास संस्थालाई परिचालित हुनमा सहयोग गर्ने ।

(९) बिपन्न, दलित, आदिवासी, जनजाती तथा महिलालाई मुलप्रवाहिकरणमा ल्याउन सहयोग तथा समन्वय गर्ने ।

(१०) उप महानगरपालिका, वडा तथा अन्य संघ संस्थाहरुले संचालन गर्ने विभिन्न किसिमका विकास निर्माण, क्षमता अभिबृद्धि तथा सामुदायिक हितका कार्यहरुलाई टोल विकास संस्था मार्फत कार्यान्वयन गर्न/गराउन समन्वयकारी भुमिका निर्वाह गर्ने ।

(११) टोल विकास संस्थाहरुलाई आवश्यकता अनुसार सहयोग गर्न समन्वयकारी भुमिका निर्वाह गर्ने ।

**(ख) सदस्य सचिवको काम, कर्तव्य र अधिकार**

(१) संयोजकको आदेशानुसार वैठक वोलाउने,

(२) वैठक पुस्तिकामा उपस्थिति गराउने,

(३) छलफलका प्रस्तावहरु संकलन गरी वैठकमा पेश गर्न संयोजकलाई सहयोग गर्ने ।

(४) बैठकका निर्णयहरु लेखी ब्यबस्थित गर्ने ।

(५) टोल विकास संस्थाहरुलाई प्रभावकारी परिचालनका लागि आवश्यक सहयोग गर्ने ।

**(ग) सदस्यहरुको काम, कर्तव्य र अधिकार :**

(१) वैठकमा उपस्थित भइ छलफलमा भाग लिने,

(२) आफ्नो टोल विकास संस्थामा भएका निर्णयहरुको बारेमा समन्वय समितिको बैठकमा जानकारी गराउने,

(३) आवश्यकता अनुसार समन्वय समिति संचालनका लागि नीति, नियमहरु बनाउन सहयोग गर्ने

(४) आवश्यकता अनुसार संयोजक र सदस्य सचिवलाई सघाउने,

(५) समन्वय समितिमा भएका निर्णयहरु टोल विकास संस्थाको बैठकमा जानकारी गराउने र कार्यान्वयन गर्ने ।

**७. निर्देशिकाको व्याख्या**

यो निर्देशिकाको अन्तिम व्याख्या गर्ने अधिकार बुटवल उप महानगरपालिकामा निहित रहनेछ । यो निर्देशिकालाई बुटवल उप महानगरपालिकाको नगरसभाले आबश्यक संसोधन गर्न सक्नेछ ।

**८. खारेजी तथा बचाउ**

(क) “टोल बिकास संस्था नगर तथा वडा समन्वय समिति संचालन निर्देशिका २०६८” खारेज गरिएको छ साथै उक्त निर्देशिका बमोजिम भएका काम कारवाहीहरु यसै निर्देशिका बमोजिम भएको मानिने छ ।

**आज्ञाले**
**भरत मणी पाण्डे**
**प्रमुख प्रशासकीय अधिकृत**

प्रमाणीकरण मितिः २०७४/०५/१२